महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल / अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal


पत्र संख्या : २०८०।८१

मिति : २०८०।१०।११

च.नं. : ४१५

श्रीमान् लेखा उत्तरदायी अधिकृतज्यूहरु,
संघीय मन्त्रालय, सचिवाय, आयोग ।

विषय : बेरुजु फस्यौंट तथा सम्परीक्षण ।

आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने सन्दर्भमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ जारी गरिएको छ । आर्थिक कारोबार व्यवस्थित गर्ने सम्बन्धमा उक्त ऐनका आतिरिक्त अन्य प्रचलित ऐन नियम समेत कार्यान्वयनमा रहेका छन् । ऐन नियममा भएका व्यवस्था पालना नभएका कारण महालेखापरिक्षकको साठीऔं वार्षिक प्रतिवेदनसम्म बेरुजु तथा कारवाही गरी टुङ्गो लगाउनु पर्ने रकम रु. ९ खर्व ५९ अर्व पुगेको छ । उक्त बेरुजु अंक मध्ये करिब २५ प्रतिशत असुल उपर गर्नुपर्ने, करिब ६५ प्रतिशत नियमित वा प्रमाण पेश गर्नुपर्ने तथा करिब १० प्रतिशत रकम पेश्की फस्यौंट गर्नुपर्ने प्रकृतिको रहेको छ । बेरुजुको प्रकृति अनुसार असुल उपर गर्ने, नियमित गर्ने, प्रमाण पेश गर्ने तथा पेश्की फस्यौंट गर्ने कार्य गरी बेरुजु फस्यौंट तथा फरफारक गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत तथा जिम्मेवार पदाधिकारीको हो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० तथा नियमावली, २०७७ को नियम ८९ र ९० मा भएको बेरुजु फस्यौंट तथा फरफारक सम्बन्धी व्यवस्था कार्यान्वयन नगर्दा कुल बेरुजु रु. ९ खर्व ५९ अर्वबाट बढ्दै जाने अवस्था रहेको छ । अतः बेरुजुको विद्यमान अवस्थामा न्यूनिकरण गर्दै आर्थिक अनुशासन कायम गर्न गराउन लेखापरीक्षण ऐन, २०७५ को दफा २४(१) अनुसार देहायको निर्देशन जारी गरीएको व्यहोरा अनुरोध छः

१. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० तथा नियमावली, २०७७ को नियम ८९(१) र (२) अनुसार प्रक्रिया पुरा गरी लेखाउत्तरदायी अधिकृतले नियमित गर्ने व्यवस्था मिलाउने,
२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० तथा नियमावली, २०७७ को नियम ९० अनुसार असुल गरी फस्यौंट तथा फरफारक गर्नुपर्ने बेरुजुका सम्बन्धमा नियम ९०(१) देखि ९०(६) सम्मका प्रक्रिया पुरा गरी असुल गर्ने वा नियम ९०(१०) बमोजिम असुल उपर गर्न नसकिएको

बेरुजु रकम लेखा उत्तरदायी अधिकृतले ऐनको दफा ४७(३) अनुसार कुमारी चोक तथा केन्द्रिय तहसिल कार्यालयमा लगत कस्न पठाई बेरुजु फस्यौंट तथा फरफारक गर्ने व्यवस्था मिलाउने ।

३. म्याद नाघेको पेश्की बेरुजु सम्बन्धमा सम्बन्धित जिम्मेवार पदाधिकारिहरुले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ देखि ५५ सम्मको प्रक्रिया पुरा गरी फस्यौंट गर्नुपर्ने तथा नियम ५३(३) बमोजिम सम्बन्धित विभाग, केन्द्रिय निकायले पेश्कीको लगत राखी नियमानुसार पेश्की फस्यौंट भए वा नभएको अनुगमन गर्ने व्यवस्था मिलाउने ।

४. उपर्युक्त सि.नं. १, २ र ३ बमोजिम नियमित भएको, असुल उपर भएको तथा पेश्की फस्यौंट भई बेरुजु फस्यौंट तथा फरफारख भएको सम्बन्धमा संघीय मन्त्रालय/सचिवालय/आयोगबाट नियम ८९(३) तथा ९०(७) बमोजिम महालेखापरीक्षकको कार्यालयमा विवरण पठाउने व्यवस्था मिलाउने ।

५. सि.नं. ४ बमोजिम संघीय मन्त्रालय/सचिवालय/आयोगबाट विवरण प्राप्त भएपछी महालेखापरीक्षकको कार्यालयले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८(४) बमोजिम ऐनको दफा ३९ र ४० बमोजिम फस्यौंट तथा फरफारख भएको अन्तिम लेखापरीक्षणको बेरुजुको लगतमा अद्यावधिक गरी पछिल्लो अवधिको लेखापरीक्षण हुँदा सो समेत केन्द्रिय निकायबाट परीक्षण गर्ने गराउने व्यवस्था मिलाउने।

६. महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ४१ तथा नियमावलको नियम ९१ बमोजिम प्रक्रिया पुरा गरेपछी मात्र फस्यौंट तथा सम्परीक्षण हुने व्यहोरा अनुरोध छ।

महेश्वर काफ्ले
(कार्यवाहक महालेखापरीक्षक)

**<u>वोधार्थ तथा जानकारीका लागि</u>**

श्रीमान् मुख्य सचिवज्यू, नेपाल सरकार : उपर्युक्त बमोजिम बेरुजु फस्यौंट तथा सम्परीक्षण सम्बन्धी व्यवस्था मिलाउनु आवश्यक निर्देशन हुन अनुरोध ।

**<u>जानकारीका लागि</u>**

माननीय सभापतिज्यू,
सार्वजनिक लेखा समिति,
संघीय संसद ।